# तानसेन नगरपालिका
# आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति, बजेट तथा कार्यक्रम
(२०७८ साल असार १० गते)

तानसेन नगरपालिका

**तानसेन नगरपालिका, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

**गरिमामय यस नवौं नगरसभाका सदस्यज्यूहरू**
**अतिथि तथा सञ्चारकर्मी महानुभावहरू**

१. नेपाली जनताको पटकपटकको वलिदानीपूर्ण संघर्ष र विभिन्न आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवम् जनजीविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरुमा उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको रुपान्तरणमा सहयोग पुऱ्याउनु हुने सबैको योगदानको स्मरण गर्न चाहन्छु ।
२. नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०७८/०७९ को तानसेन नगरपालिकाको नीति, बजेट तथा कार्यक्रम यस गरिमामय नवौं नगरसभा समक्ष पेश गरेको छु । आगामी आर्थिक वर्षको वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ठूला सपना र लामो कल्पना गर्नुभन्दा तत्काल कार्यान्वयन हुनेगरी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।
३. कोभिड-१९ को दोस्रो लहर नियन्त्रण, रोकथाम र उपचार तथा राहतको क्षेत्रमा तानसेन नगरपालिकाबाट वडा कार्यालयहरु, डिसीसीएमसी, सुरक्षा निकाय, विभिन्न स्वास्थ्य संघ संस्थाहरु, गैसस, संचार क्षेत्र, जनप्रतिनिधिहरु र सरोकारवालाको समन्वयमा प्रभावकारी रुपमा कार्यक्रमहरु सञ्चालन गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु । यस कार्यमा अथकरुपमा सहयोग गर्ने स्वास्थ्यकर्मी सहित राष्ट्रसेवक कर्मचारीको सेवाको उच्च मूल्यांकन गर्दै विशेष धन्यवाद ज्ञापन गर्दछु ।
४. कोरोनाका कारण उपचारको क्रममा ज्यान गुमाउनु भएका नगरवासी र आम नेपालीहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै मृतकका परिवारजनमा समवेदना व्यक्त गर्दछु । संक्रमित विरामीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

**सभाका सदस्यज्यूहरू**

५. हामी चालु आर्थिक वर्ष २०७७/०७८ को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छौं । चालु आ.व.का लागि पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको हालसम्मको अवस्था समीक्षा गर्दा समष्टिगत योजना र कार्यक्रमहरुको उपलब्धी सन्तोषजनक रहेकोछ ।
६. नगरपालिकाका नगर गौरव, नगरस्तरीय र वडास्तरीय पूर्वाधारका अधिकांश योजनाहरु सम्पन्न हुने अवस्थामा छन । कोभिड-१९ का कारण केही बहुवर्षीय पूर्वाधार आयोजनाहरु आगामी आर्थिक वर्षमा सम्पन्न हुनेगरी कार्य अगाडि बढेको छ । आर्थिक विकास, सामाजिक विकास, विपद तथा वातावरण व्यवस्थापन, सुशासन तथा संस्थागत विकासतर्फका प्रमुख कार्यक्रमहरु कार्यान्वयन गरिएका छन ।
७. कोभिड-१९ को महामारीबाट नगरवासीको जीवन रक्षाका लागि वडास्तरमा परीक्षण, आइसोलेशन केन्द्र निर्माण तथा सञ्चालन, आवश्यक अक्सिजन, औषधि, यन्त्र उपकरणसहितको स्वास्थ्य पूर्वाधार र जनशक्तिको व्यवस्थासहित उपचारमा सम्पूर्ण शक्ति केन्द्रित गरिएको छ । नगरवासीलाई पूर्ण खोप प्रदान गर्न प्रदेश र संघीय सरकार तथा भगिनी सम्बन्ध रहेको चीनको लसान नगरसँग आवश्यक गृहकार्य भएको छ ।
८. समग्र कार्यक्रम तथा योजनातर्फ सडक विस्तार र स्तरबृद्धि, रिङ्गरोड, बसपार्क र औद्योगिक ग्राम निर्माण, श्रीनगर विग बुद्ध परियोजनाको थालनी, युवा स्वरोजगार कार्यक्रम, स्वास्थ्य विमा, छोरी शिक्षा, कृषि उपज संकलन केन्द्र निर्माण, कृषि एम्बुलेन्सको निरन्तरता जस्ता प्रमुख कार्यक्रमहरु प्रभावकारीरुपमा अगाडि बढाइएका छन् ।

**सभाका सदस्य ज्यूहरु**

अब म आर्थिक वर्ष २०७८/०७९ को नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु :

९. **"अन्धकार पछि उज्यालोको सम्भावना हुन्छ, चुनौतिका साथ समाधान र अवसरहरु हुन्छन"** । यिनै सम्भावनाहरु र आशाकासाथ कोरोना महामारीको नियन्त्रण र विकास कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिने गरी नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका मुख्य आधारहरु**

१०. नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार र प्रदेश सरकारले गरेका नीतिगत व्यवस्था, नेपालले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेको प्रतिवद्धता, दिगो विकासको लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने राष्ट्रिय लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजना र नगरपालिकाको बृहत योजना हाम्रा मुख्य मार्गदर्शक आधार रहेका छन् ।

११. **"सुव्यवस्थित पूर्वाधार, पहिचानमूलक उत्पादन र हरित वातावरणयुक्त पर्यटकीय, समावेशी, साँस्कृतिक नगर"** को नारा सहित विकास र समृद्धिको परिकल्पनालाई साकार पार्न नगरपालिकाको बृहत विकास योजनाका आधारमा नीति, बजेट तथा कार्यक्रम अगाडि सारिएको छ ।

१२. सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अन्तर्गत स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा छलफल पश्चात् बस्तीस्तर, वडास्तर, विषयगत समिति, बजेट तर्जुमा समिति हुँदै आएका योजनाहरुलाई दीर्घकालीन लक्ष्य, उद्देश्यसँग तादात्म्यता मिलाइ प्राथमिकताक्रम निर्धारण गरिएकोछ । कोभिड महामारीको परिदृष्यमा नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नागरिकको सहभागितालाई प्राथमिकता दिंदै बैकल्पिक विधिहरु समेत अवलम्वन गरिएकोछ ।

१३. विगतका नगरसभाबाट पारित नीति तथा कार्यक्रम, नगरवासीहरुबाट प्राप्त अमुल्य सुझाव, जनप्रतिनिधि, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, नगरपालिकाका पूर्व जनप्रतिनिधिहरु, नागरिक समाज तथा सञ्चारकर्मीहरुबाट प्रत्यक्ष परोक्षरुपमा प्राप्त सुझावहरुलाई महत्वका साथ ग्रहण गरिएकोछ ।

१४. कार्यक्रम तयारी र बजेट विनियोजन गर्दा बहुवर्षीय आयोजना तथा चालु आर्थिक वर्षका अधुरा आयोजनाहरुलाई सम्पन्न गर्न प्राथमिकता दिइएकोछ ।

१५. स्थानीय साधन श्रोत र सीप प्रयोग हुने एवम् तत्काल रोजगारी सिर्जना गर्ने आयोजनाहरु छनौट गरिएकोछ ।

१६. सहलगानीलाई बृहत बनाई नगरस्तरीय योजना र वडास्तरीय योजनाको संख्या घटाउन निश्चित सिलिङ्ग र मापदण्ड निर्धारण गरिएकोछ ।

१७. वालमैत्री, वातावरणमैत्री, लक्षित वर्ग मैत्री स्थानीय शासन, दिगो विकास र विकासका साझा सवाललाई योजना तथा कार्यक्रम निर्धारणमा प्राथमिकता दिइएकोछ ।

१८. महामारीको कारण आर्थिक क्रियाकलापमा आएको संकुचनसँगै नगरपालिकाको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकमलाई यथार्थ विश्लेषण गरी समय सापेक्ष ढङ्गले कार्यक्रम अगाडि बढाइएकोछ ।

**सभाका सदस्य ज्यूहरु**

अब म विषयगत/क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु :

**कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार तथा स्वास्थ्य सेवा**

१९. कोभिड-१९ को महामारीको विकराल परिस्थिति जुनसुकै बेला दोहोरिनसक्ने सम्भावना रहेकोले यसको रोकथाम, नियन्त्रण र उपचारका कार्यक्रमलाई पहिलो प्राथमिकता दिई नगरपालिकाद्वारा

स्थायी आइसोलेशन सेन्टर निर्माण, अक्सिजन व्यवस्थापन, आवश्यक स्वास्थ्य पूर्वाधार, जनशक्ति व्यवस्थापन र आम समुदायलाई पूर्ण खोपको प्रवन्ध मिलाइने छ । कोभिड संक्रमित लगायत स्वास्थ्य महामारीमा नागरिकको उपचारलाई प्रभावकारी बनाउन तानसेन नगरपालिकाबाट तत्काल पूर्वाधारयुक्त सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन गरिनेछ ।

२०. प्रयोगशाला सञ्चालन तथा अक्सिजन प्लान्ट स्थापनामा सम्वन्धित निकायहरुसँग आवश्यक सहकार्य गरिनेछ ।

२१. उल्लेखित कार्यमा नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधि, अन्तर स्थानीय तह, स्थानीय अस्पतालहरु, सरकारी तथा गैरसरकारी र निजी क्षेत्रका कार्यालय, सम्वन्धित संघ-संस्था, संचार क्षेत्र, सहकारी तथा स्थानीय सामुदायिक संस्था र टोल विकास संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

२२. स्वास्थ्यकर्मी, सरसफाइकर्मी र अग्रपंक्तीमा रहेर काम गर्ने जनशक्तिलाई आवश्यक साधन, श्रोत र प्रोत्साहनसहित प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

२३. कोरोना संक्रमणको जोखिम कायम रहँदासम्म आम श्रमिक, अशक्त, असहाय र आर्थिक रुपले विपन्न, गर्भवती महिला, जेष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग गर्नुपर्ने राहत कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।

२४. तानसेन नगरपालिकाले सञ्चालन गरिआएको निःशुल्क स्वास्थ्य विमा कार्यक्रममा यस पालिकामा कार्यरत कर्मचारी र नेपाल सरकारबाट अति गरिव परिचय-पत्र प्राप्त गर्ने परिवारलाई समेत समावेश गरिनेछ ।

२५. नेपाल सरकारको **निरोगी नेपाल अभियान**लाई प्रभावकारी बनाउन स्वच्छ विचार, स्वच्छ खाना र नियमित व्यायाम सहितको नागरिक जागरण कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२६. स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट उपलव्ध गराइने नियमित खोप सेवा, प्रजनन स्वास्थ्य कार्यक्रम, मातृ तथा नवजात शिशु कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, सुत्केरी महिला पोषण कार्यक्रम लगायतका निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई निरन्तरता दिंदै थप जनशक्ति, आवश्यक औषधि, यन्त्र उपकरण र स्वास्थ्य सामग्रीको व्यवस्था गरिएको छ ।

**शिक्षा**

२७. मानव पूँजी निर्माणको आधारको रुपमा रहेको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, व्यवसायिक र प्रविधिमैत्री बनाइ सबै नगरवासीको पहुँच सुनिश्चित गरिनेछ । दक्ष शैक्षिक जनशक्ति विकास र ज्ञान एवम् सीपमुलक सिकाइ वातावरण निर्माण गरिनेछ ।

२८. नतिजामूलक शैक्षिक मूल्यांकन प्रणाली अवलम्बन गरिनेछ । विद्यालयको कार्य सम्पादनको आधारमा प्रोत्साहन नीति कार्यान्वयन गरी शैक्षिक गुणस्तर बृद्धि गरिनेछ ।

२९. प्रविधिमैत्री विद्यालय तथा वैकल्पिक शिक्षण सिकाइलाई प्रोत्साहन तथा स्थापित गर्दै लगिनेछ ।

३०. स्थानीय स्तरमा विद्यमान परम्परागत ज्ञान, सीप, प्रविधि तथा आर्थिक, सामाजिक र सांस्कृतिक पक्षहरुको बारेमा समेत वालवालिकाहरुको ज्ञान र सीप अभिवृद्धि गर्न सरोकारवालाहरुको व्यापक सहभागितामा स्थानीय पाठयक्रम तथा पाठ्य सामग्री तयारी गरी कार्यान्वयन गरिनेछ ।

३१. नगरपालिकाबाट यस वर्ष थालनी गरिएको छोरी शिक्षा कार्यक्रमलाई प्रभावकारिताका साथ अगाडि बढाइनेछ ।

३२. शिक्षक दरबन्दी नभएका वा न्यून भएका विद्यालयहरुमा थप शिक्षक व्यवस्थापन गर्न दिइएको शिक्षण सहयोग अनुदानलाई निरन्तरता दिइएकोछ ।

३३. सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्य सम्पन्न गरिनेछ । आधारभुत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१२) का लागि अपुग हुने विषयगत शिक्षक दरबन्दी नेपाल सरकारसँग माग गरिनेछ ।

३४. नेपाल सरकारबाट आगामी आर्थिक वर्षको बजेट बक्तव्यमा सामुदायिक विद्यालयहरुमा कार्यरत वालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरुको तलव बृद्धि गरिनु स्वागत योग्य कुरा हो । तलब बृद्धिबाट स्थानीय तहलाई समेत आर्थिक दायित्व सिर्जना भई यसले विकास निर्माणमा असर पार्ने हुँदा बृद्धि भएको सम्पूर्ण तलब भत्ता नेपाल सरकारबाट नै व्यहोर्ने व्यवस्थाको लागि पहल गरिनेछ ।

**युवा स्वरोजगार**

३५. **श्रमजीवी युवा, हाम्रा गहना** भन्ने अवधारणाका साथ कोभिड महामारीका कारण रोजगारी गुमाई विदेशबाट फर्किएका र तानसेन नगरपालिकामा रहेका उद्यमशील युवालाई नगरपालिकाको आफ्नै श्रोतमा सञ्चालन गरिएको युवा स्वरोजगार कार्यक्रममा सामेल गरिनेछ । यस कार्यक्रममा एकल महिला, विपन्न दलित, आदिवासी जनजाति र अल्पसंख्यक समुदायलाई प्राथमिकता दिइनेछ ।

३६. युवा स्वरोजगार कार्यक्रमबाट नगरपालिकाको जमानीमा बैंक मार्फत् सुलभ कर्जा प्रदान गरी ज्ञान सीप र अनुभवमा आधारित उद्यमशीलता विकास कार्यक्रममा युवाहरुलाई सहभागी गराईएकोछ । उद्यमको अवस्था हेरी कर्जाको अधिकतम सीमा ५० लाखसम्म पुऱ्याउन सकिनेछ ।

३७. तानसेन नगरपालिकाको युवा स्वरोजगार कार्यक्रमको दायरालाई फराकिलो पार्दै सहकारी संस्थाहरुसँग समेत सहकार्य गरिनेछ ।

३८. तानसेन नगरपालिकाको पहलमा UNDP, UKAID SIP परियोजनासँगको साझेदारीमा पाल्पाली ढाका र करुवा प्रवर्द्धनको कार्यक्रमलाई निरन्तरता दिइएकोछ । पाल्पाली ढाका संघ मार्फत् ढाकाको प्रशिक्षण, उत्पादन, बजारीकरण र रोजगार अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. UNDP र हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीमा नगरपालिकाबाट सञ्चालित कृषि र युवा स्वरोजगार कार्यक्रमबाट थपकाम र रोजगारीको अवसर सिर्जना गरिनेछ ।

४०. नगरको समृद्धि अभियानलाई प्रभावकारी बनाउन हेफर नेपाल र युएनडीपी लगायतसँगको साझेदारीलाई एकद्वार प्रणाली मार्फत् कार्यान्वयन गरिनेछ ।

**कृषि विकास तथा पशु सेवा**

४१. कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणमा सहयोग पुऱ्याउन कृषि उपज संकलन केन्द्र निर्माणलाई पूर्णता दिई उत्पादन बृद्धिका लागि कृषकलाई प्रोत्साहित गरिनेछ । गत बर्षदेखि सञ्चालन भएको कृषि एम्बुलेन्स सेवालाई निरन्तरता दिइएकोछ ।

४२. नगरलाई दुग्ध, मासु, अण्डा, तरकारीमा आत्मनिर्भर बनाइनेछ । साथै बढी भएका कृषि तथा पशुजन्य वस्तुको बजार व्यवस्थापन र प्रशोधनमा विशेष सहयोग प्रदान गरिनेछ ।

४३. कृषि पेसालाई सरल र व्यवसायिक बनाउन मिनी ट्रिलर, च्यापकटर लगायतका यन्त्र उपकरणहरु पचास प्रतिशत अनुदानमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएकोछ ।

४४. तानसेन नगरपालिकाको सम्भाव्य क्षेत्रमा बोयर लगायत उन्नत जातका बाख्राको श्रोत केन्द्र निर्माण तथा गाई भैसीको नमूना फर्मको विकास कार्यलाई निरन्तरता दिइएकोछ ।

४५. दुधको प्रशोधन र विविधिकरण, स्थानीय कुखुरा लगायतका पशुपंक्षी प्रवर्द्धन, माछा, मौरी, कफी, वीउविजन सहयोगलाई निरन्तरता दिइनेछ ।

४६. अन्तरपालिकासँगको समन्वय र सहकार्यमा पायक क्षेत्रमा हाटबजार सञ्चालन गरिनेछ । यसका लागि नेपाल सरकार, प्रदेश सरकार, पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघ लगायतका संघ संस्थासँग सहकार्य गरिनेछ ।

४७. प्रदेश सरकारको सहयोगमा **एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिनेछ ।** नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकावीच दोहोरो नपर्ने गरी योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

४८. जैविक खेती प्रणालीलाई प्रोत्साहन गर्न एकीकृत शत्रुजीव व्यवस्थापन (आई.पी.एम.) कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४९. पशुपंक्षी रोग निदान एवम् औषधि उपचारमा किसानहरुको सहजताको लागि डिस्पेन्सरी, ल्याव व्यवस्थापनलाई निरन्तरता दिइएकोछ ।

५०. नगरपालिकाको उपयुक्त स्थानमा सुविधासम्पन्न कृत्रिम गर्भाधान केन्द्र निर्माण गरिनेछ ।

५१. उच्चमूल्यका वाली उत्पादन गर्न किसानलाई प्रोत्साहन गरिनेछ । लोपोन्मुख स्थानीय जातका कृषि तथा पशुजन्य वस्तुको संरक्षण गरिनेछ । फलफूल, डालेघाँसको नर्सरी स्थापना गरिनेछ ।

५२. वाली विमा र पशु विमा कार्यक्रमलाई प्रभावकारी बनाउन विमा अभिकर्ताको व्यवस्था गरी किसानहरुलाई सहज सेवा उपलव्ध गराइनेछ ।

५३. शीतभण्डार निर्माणलाई पूर्णता दिन विशेष पहल गरिनेछ ।

**आर्थिक विकास**

५४. तानसेन नगरवासीको आर्थिक तथा सामाजिक समृद्धिको लागि सहकारी संस्थाको नियमन, क्षमता विकास र प्रवर्द्धन, स्थानीय सीप, जनशक्ति र पुँजीलाई उत्पादनमूलक काममा लगाउन प्रोत्साहन गरिनेछ । नगरपालिकाबाट गठित स्थानीय सहकारी सञ्जाललाई सक्षम र श्रोत साधनयुक्त बनाइनेछ ।

५५. वित्तीय पहुँच विस्तार, सामाजिक एवम् आर्थिक सशक्तिकरण र उत्पादनशील क्षेत्रमा सहकारी संघ संस्थाहरुलाई परिचालन गरिनेछ ।

५६. भूमिहीन, सुकुम्बासी, दलित एवम् पिछडिएका वर्ग र समुदायलाई सहकारी संस्थामा आवद्ध गरी स्वरोजगारमूलक उद्यमशिलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

५७. कृषि भूमिको संरक्षण र उपयोगलाई प्रभावकारी बनाउन भूमि बैंक स्थापना गरिनेछ ।

५८. खाद्य वस्तुको स्वच्छता एवम् गुणस्तर कायम गर्न प्रभावकारी आपूर्ति, गुणस्तर परीक्षण र सघन बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ । उपभोक्ताको हक हित संरक्षणका लागि उपभोक्ता जागरण र सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५९. खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग मार्फत् नगरपालिका क्षेत्रभित्र उच्चस्तरीय ल्याव सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

६०. बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण र प्रवर्द्धनको लागि जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा उद्योग बाणिज्य संघ, पाल्पा व्यापार संघ, नेपाल पत्रकार महासँघ पाल्पा, उपभोक्ता हित संरक्षण मञ्च, दी एसिया फाउण्डेशन लगायत सरोकारवाला निकायहरुसँग प्रभावकारी समन्वय र सहकार्य गरिनेछ ।

६१. नगरवासीलाई अत्यावश्यक गुणस्तरीय खाद्य वस्तुहरु सुपथ मूल्यमा उपलव्ध गराउन सहकारी, सामुदायिक संस्था र निजी क्षेत्रको साझेदारीमा सुपथ मूल्य पसल कार्यान्वयनमा ल्याइनेछ ।

६२. उपभोक्ताहरुलाई गुणस्तरीय मासु उपलव्ध गराउन नगरमा व्यवस्थित बधशाला निर्माणको लागि सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

६३. तानसेन नगरपालिकाद्वारा तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन (DPR) का आधारमा वडा नं. ७ कुनसरेमा निर्माणाधिन उद्योगग्रामलाई गति प्रदान गरिनेछ ।

६४. चालु आर्थिक वर्षबाट शुरुवात गरिएको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम थप वडाहरुमा पनि विस्तार गरिनेछ ।

६५. नगरपालिकाको आन्तरिक राजश्वका दरहरु यथावत कायम राखिएकोछ । राजश्व अभिबृद्धि योजनाअनुसार राजश्व वृद्धिको लागि करको दायरा विस्तार, प्रकृतिजन्य पदार्थको अध्ययन,

उत्खनन् र विक्रीको व्यवस्था मिलाइनेछ । सम्पूर्ण वडाहरुमा करदाता शिक्षा कार्यक्रम र कर सप्ताह कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६६. उर्वर भूमि संरक्षण तथा उत्पादनलाई ख्याल गर्दै खेतियोग्य जमिनमा घरघडेरी निर्माण कार्यलाई निरुत्साहित गर्न त्यस्ता घरघडेरीको खरिद बिक्रीमा राजश्वको दर उच्च गरिनेछ ।

६७. कोभिड महामारीको प्रभावका कारण समस्यामा परेका नगर क्षेत्र भित्रका उद्योगी, व्यापारी, व्यवसायी लगायतका करदाताहरुलाई यथासम्भव सहुलियतका कार्यक्रम ल्याउन संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

## पर्यटन तथा संस्कृति

६८. श्रीनगर क्षेत्रको बृहत्तर गुरुयोजनाको आधारमा **विग बुद्ध** पार्क निर्माणको विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम निर्माण कार्य यसै आर्थिक बर्षदेखि प्रारम्भ गरिनेछ ।

६९. पर्यटनको सम्भावना भएका ऐतिहासिक, धार्मिक एवम् पुरातात्विक धरोहरहरुको पहिचान, संरक्षण र विकास, स्थानीय संस्कृतिको प्रवर्द्धन, पर्यटकीय क्षेत्रहरुको अध्ययन, गुरुयोजना सहित विस्तृत परियोजना प्रतिवेदन तयारी, निर्माण र कार्यान्वयनमा निजी क्षेत्रलाई समेत आकर्षित गरिनेछ ।

७०. हालको महामारीको अवस्थामा सबैभन्दा प्रभावित पर्यटन क्षेत्रलाई लयमा ल्याउन सुरक्षा मापदण्डलाई प्रभावकारी बनाई पोष्ट कोभिड पर्यटन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

७१. प्रदेशकै गौरवको रुपमा रहेको तानसेन दरबार संग्राहलयको विकासको लागि नेपाल सरकार र प्रदेश सरकारसँग गरिएको सहकार्यलाई निरन्तरता दिइनेछ ।

७२. प्रभास ताल व्यवस्थापन र सञ्चालन, टक्सार खुल्ला म्यूजिमय निर्माण, गुफाचौर गणेशधाम, माण्डव्य सरोवर, कोकलदेवी, चेचीकोट (रतनपाँडे समाधिस्थल), शैलोच्चगिरी, अर्गली कमलपोखरी लगायतका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्रको विकासमा स्थानीय समुदाय, निजी क्षेत्र र सबै तहका सरकारहरुसँग समन्वय र साझेदारी गरिनेछ ।

७३. नगरपालिका र निजी क्षेत्रको समन्वय र सहकार्यमा कृषि पर्यटन, पर्यापर्यटन, स्वास्थ्य पर्यटन, शैक्षिक पर्यटन, खेल तथा साहसिक पर्यटन लगायत पर्यटन विकासका गतिविधिलाई प्राथमिकताकासाथ अगाडि बढाइनेछ ।

७४. स्थानीय गुठी र सरोकारवालाहरुसँग समन्वय गरी ऐतिहासिक अमरनारायण फूलबारीलाई व्यवस्थित बनाइनेछ ।

७५. तानसेन-१४ मा रहेको ऐतिहासिक अर्गली दरबारको जग्गा व्यवस्थापनको लागि विशेष पहल गरिनेछ । प्रमुख तिर्थस्थल हृषिकेश मन्दिर क्षेत्रको जग्गा अधिग्रहण गर्न संघीय सरकारसँग समन्वय गरी रुरु क्षेत्र विकास गुरुयोजनाको आधारमा निर्माण/पुनर्निनिर्माणको कार्य अगाडि बढाइनेछ ।

७६. टोल विकास संस्थाहरु, निजी क्षेत्र र स्थानीय संघ संस्थाहरुको समन्वय र साझेदारीमा स्थानीय खुला स्थानहरुमा वाटर फाउन्टेन, झरना, बगैचा, नर्सरी, साना जातका बृक्षारोपण, तालतलैया र सिमसार क्षेत्रको संरक्षण व्यवस्थापन, स्थानीय पहिचान दिने कलाकृति निर्माण, प्रवर्द्धन, विश्राम स्थल निर्माण, सञ्चालन र व्यवस्थापन गरिनेछ ।

७७. नगर क्षेत्रका मठ मन्दिर, मदरसा, गुम्वा, विहार, चैत्य, चर्च, मस्जिद संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७८. विभिन्न जातजातिहरुसँग सम्बन्धित धर्म, संस्कृति, भाषा, भेषभुषा मान्नेहरुको भजन, चुटका, लाखेनाच, नेपाली बाजा, दाफाभजनलगायत प्रचलित साँस्कृतिक गतिविधि संरक्षणमा जोड दिइनेछ ।

७९. विभिन्न धर्मावलम्वीहरुको अन्तिम संस्कारका लागि घाट/दीप, कब्रस्थान, समाधिस्थललाई अन्तरपालिकास्तरमा सहकार्य गरी व्यवस्थित गरिनेछ ।

८०. कोरोना संक्रमितहरुको निधन पश्चात् धर्म, संस्कृति अनुसार अन्तिम संस्कारको लागि आवश्यक सहयोग गरिनेछ ।

८१. पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारीता पुरस्कार कोष अभिबृद्धि गर्दै भवन निर्माणका लागि जग्गाको व्यवस्था मिलाइनेछ ।

८२. जननायक वीपी कोइरालाको योगदानको कदरस्वरुप वीपी साहित्य स्मृति प्रतिष्ठान गठन गरिनेछ । साथै उपयुक्त स्थानमा वीपी स्मृति भवन निर्माणको लागि जग्गाको व्यवस्था मिलाइनेछ ।

८३. राष्ट्रिय प्रतिभा तानसेनमा जन्मनुभएका कविवर माधव प्रसाद देवकोटाको सम्मान खातीर शालिक निर्माण कार्य थालनी गरिनेछ ।

८४. तानसेन नगरपालिका भित्रको अपार पर्यटकीय सम्भावनाहरुलाई ध्यानमा राखी सीटी ब्राण्डीङ्गलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । ऐतिहासिक महत्वका प्राचीन घरहरु पहिचान गरी संरक्षणका लागि प्रोत्साहन तथा अभिलेखिकरण कार्य थालनी गरिनेछ ।

## सामाजिक विकास

८५. नगरवासीलाई जीवन चक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणको अवधारणा अनुरुप गर्भावस्थामा स्वास्थ्य जाँच र पोषण, वाल्यावस्थामा निःशुल्क खोप, पोषण, आधारभूत शिक्षा र छात्रवृत्तिको व्यवस्था, युवावस्थामा शिक्षा, स्वास्थ्य र रोजगारीको प्रत्याभूति, बृद्धावस्थामा निःशुल्क उपचार र मर्यादित जीवन सुनिश्चिततताका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

८६. नगरस्तरबाट तयार गरिएको पूर्ण सरसफाइ तथा स्वच्छता योजना (Wash Plan) का आधारमा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ । नगरपालिका भित्रका ढुङ्गेधारा, जलकुण्ड, पोखरी लगायत परम्परागत पानीको स्रोत संरक्षण गरिनेछ ।

८७. तानसेन नगरपालिका पूर्ण सरसफाइ नगर घोषित भएकोमा हाल निजी शौचालय नभएका करिव १५० घरधुरीमा शौचालय निर्माणका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

८८. भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा प्रदान गर्न आवश्यक कार्य अगाडि बढाइनेछ ।

८९. ग्रामीण विकास तथा रोजगार कार्यक्रम मार्फत् जेष्ठ नागरिक, विपन्न तथा सडक वालवालिका र फरक क्षमता भएकाहरुको लागि वस्तुगत सहयोगको व्यवस्था मिलाइनेछ ।

९०. तानसेन नगरपालिकाको सहयोगमा तानसेन-९ दमकडामा निर्माण भएको न्यानो सितलु घर यसै बर्षदेखि सञ्चालनमा ल्याइनेछ ।

९१. नगरपालिकाको न्यायिक समितिको कार्य सम्पादन प्रक्रियालाई सहज र प्रभावकारी बनाइनेछ । वडाहरुमा कार्यरत मेलमिलापकर्तालाई सवल र सक्षम बनाइनेछ ।

९२. नगरपालिकाबाट सञ्चालन गरिने विकास कार्यहरुमा लैङ्गिक उत्तरदायी बजेट नीतिलाई अवलम्बन गरिनेछ । महिला समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९३. लैंगिक हिंसाको न्यूनीकरण, असहाय वर्गको संरक्षण, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अति विपन्नहरुको सामाजिक सुरक्षा र संरक्षणका लागि मागमा आधारित नतिजामुखी कार्यक्रम सञ्चालन गरिनेछ ।

९४. वालसञ्जाललाई क्रियाशिल बनाई वालमैत्री स्थानीय शासनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९५. सामाजिक सुरक्षा भत्तालाई पूर्ण बैंकिङ्ग प्रणालीमा लगिएकोमा माहामारीको विशेष अवस्थामा वडा कार्यालयको सहयोग र समन्वयमा टोल टोलमा पुऱ्याउने व्यवस्था मिलाईनेछ । पञ्जीकरण व्यवस्थापनलाई प्रभावकारी बनाउन सम्पूर्ण विवरणहरु डिजिटाइजेशन गरिनेछ । राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागसँग आवश्यक सहकार्य गरिनेछ ।

९६. परम्परागत सीप, उद्यम र पेसा भएका दलित, आदिवासी जनजाति तथा सिमान्तकृत समुदायको पेशा व्यवसायलाई प्रविधिमैत्री र आधुनिकीकरण गरी श्रमिकबाट मालिक (Owner) मा रुपान्तरण गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

९७. रचनात्मक कामसँगै विपद व्यवस्थापनमा युवा परिचालन, समाज सशक्तिकरण कार्यक्रम, खेलकूद लक्षित कार्यक्रम सञ्चालन गरी युवाहरूलाई समाज विकासका काममा परिचालन गर्न तानसेन नगर युवा परिषद मार्फत् विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९८. राष्ट्रपति रनिङ्ग शिल्ड लगायतका खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ । एक स्थानीय तह एक खेल संरचना निर्माणको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

९९. विपन्न, दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, सिमान्तकृत समुदाय लगायत वञ्चितिकरणमा परेका सबै बर्ग र समुदायको हित र उत्थानका लागि विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१००. सरोकारवालाहरु समेतको सहभागितामा तानसेन नगरपालिकामा रहेको सेफ हाउसलाई श्रोत साधन सहित सञ्चालनमा ल्याइनेछ ।

## पूर्वाधार विकास

१०१. **एक वडा एक किलोमिटर पक्की सडक निर्माण अभियान**लाई आगामी आर्थिक बर्ष पनि निरन्तरता दिइएकोछ ।

१०२. आवागमनमा सहजता र गुणस्तरीय पूर्वाधार विकासका लागि नगर क्षेत्रका महत्वपूर्ण सडकहरुको स्तरबृद्धि कार्य भइआएकोमा सम्पन्नताका लागि प्राथमिकता दिइएकोछ ।

१०३. तानसेन-५ वनदेवीमा वातावरणमैत्री बसपार्क निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएकोले नगर विकास कोषको ऋण सहयोगमा निर्माण आरम्भ गरिनेछ । नगरक्षेत्रमा पार्किङ्ग पूर्वाधार व्यवस्थापन प्रभावकारी बनाइनेछ ।

१०४. आफ्नै भवन नभएका र भवन जीर्ण भएका वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

१०५. जनतालाई गुणस्तरीय सार्वजनिक सेवा प्रदान गर्न र पर्यटन प्रवर्द्धन गर्न हाइवे रिफ्रेस्मेण्ट सेन्टर, फोहरमैला व्यवस्थापन र रानीमहल सञ्चालन तथा व्यवस्थापन समेतका ३ वटा परियोजनाहरु सार्वजनिक निजी साझेदारी (सानिसा) मार्फत् कार्यान्वयन गर्न समझदारी पत्रमा हस्ताक्षर भईसकेकोले संझौता प्रक्रिया अगाडि बढाइनेछ । श्रीनगर सौन्दर्यीकरण पुनः प्रक्रियामा लगिएकोमा थप सम्भाव्य आयोजनाहरु समेत सानिसा मार्फत् अगाडि बढाइनेछ ।

१०६. आर्थिक तथा सामाजिक समृद्धिका लागि सिद्धार्थ लोकमार्ग अन्तर्गत बेलहियादेखि पोखरासम्मका पालिकाहरु समावेश भएको सिद्धार्थ आर्थिक कोरिडोर मार्फत् बहुपक्षीय साझेदारहरुसँग सहकार्य गरिनेछ ।

१०७. तानसेन नगरपालिकाको अगुवाइमा कालीगण्डकी नदी सीमामा पर्ने पाल्पा र स्याङ्गजाका स्थानीय तहहरुसँग जैवीक विविधता, पर्यापर्यटन लगायत साझा विकासका अवसर, सम्भावनाको खोजी र सहकार्यको लागि अन्तर साझेदारी गरिनेछ ।

१०८. नगरपालिका र नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा शहरी शासकीय पूर्वाधार आयोजना कार्यान्वयन गरिनेछ ।

१०९. नगर क्षेत्रमा नागरिक सुविधाका लागि नियमितरुपमा नगर यातायात सेवा सञ्चालन गर्न सरोकारवाला निकायसँग समन्वय गरिनेछ ।

११०. प्रदेश सरकारको सहयोगमा माडी क्षेत्र बृहत सिंचाइ आयोजना सञ्चालनको लागि विशेष पहल गरिएकोछ ।

१११. नगरका महत्वपूर्ण स्थानहरुमा नवीकरणीय उर्जा कार्यक्रमबाट सोलार स्ट्रिट प्रणाली जडान गरिनेछ ।

११२. जनतामा विकास आयोजनाहरुको अपनत्व अभिबृद्धि गर्न सहलगानीका आयोजनाहरुलाई प्रमुख प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

११३. नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको सहलगानीमा विद्युतीय सवारी साधन सञ्चालन, सूचना प्रविधि पार्क, पर्यटकीय पूर्वाधार निर्माण, फोहरमैला व्यवस्थापन, व्यवसायिक कृषि, रङ्गशाला निर्माण लगायतका सम्भाव्य आयोजनाहरु अगाडि बढाइनेछ ।

११४. भूकम्पबाट क्षति भै लाभग्राहीको सूचीमा परेका निजी आवास पूर्णरुपमा सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

११५. व्यवस्थित आवासका लागि एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न नेपालसरकारसँग सहकार्य गरिनेछ । पूर्वाधार विकास गरी साँस्कृतिक तानसेन शहरलाई पुनःजागृत गरिनेछ ।

११६. पूर्वाधार योजना व्यवस्थापनलाई प्रभावकारी बनाउन एक वडा एक प्राविधिकको व्यवस्थाको थालनी गरिनेछ ।

## विपद व्यवस्थापन, वन तथा वातावरण

११७. प्राकृतिक विपद् र महामारी रोकथाम तथा न्यूनीकरणका लागि पूर्व तयारी, प्रतिकार्य र पुनरोत्थानका कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसको लागि सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

११८. जलउत्पन्न प्रकोप नियन्त्रण, जलवायु परिवर्तन अनुकूलन, जलाधार संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११९. कृषि वन कार्यक्रम तर्फ ओखर, दालचिनी लगायत विभिन्न प्रजातिको विरुवा रोपणको कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।

१२०. भू-क्षय एवम् प्राकृतिक प्रकोप न्यूनीकरणका लागि सडक किनार, पार्क क्षेत्र र उपयुक्त स्थानहरुमा संरक्षण सहितको वृक्षारोपण गरिनेछ । हरियाली प्रवर्द्धन र गैर काष्ठ वन पैदावार कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइएकोछ ।

१२१. सामुदायिक वनहरुको नियमन अनुगमन गरी वन व्यवस्थापनमा प्रभावकारिता ल्याइनेछ ।

१२२. फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन विश्व बैंकको अनुदानसहितको ऊर्जा परियोजना (फोहरबाट उर्जा) थालनी भएकोमा कोभिड-१९ महामारीले ढिलाई हुन गएकोमा सिघ्र निर्माण कार्य अगाडि बढाइनेछ ।

१२३. नगरपालिका र प्रदेश सरकारको साझेदारीमा ढल निर्माण तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ । सार्वजनिक स्थल र वडाहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास

१२४. सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइनेछ । सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गरिनेछ । नागरिकबाट प्राप्त गुनासोको तत्काल सुनुवाइको व्यवस्था मिलाइनेछ ।

१२५. जनताका समस्या, सुझाव र विकासका सवालहरुलाई सम्वोधन गर्न जनतासँग मेयर कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।

१२६. नगरपालिकाको कार्य प्रक्रिया र उपलब्धिहरुको बारेमा लेखाजोखा गर्न यसै वर्षबाट थालनी गरिएको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन कार्य (लिजा) लाई प्रभावकारी रुपमा अवलम्वन गरिएकोछ ।

१२७. नगरपालिकाको वित्तीय व्यवस्थापनमा सुधार ल्याउन शुन्य बेरुजुको अवधारणा अनुसार बेरुजु फर्स्यौट कार्यलाई प्रभावकारी बनाइनेछ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिएकोछ ।

१२८. संचार क्षेत्र साझेदारी तथा पत्रकार साक्षात्कार कार्यक्रमलाई निरन्तरता दिंदै कार्यसम्पादनमा आधारित स्थानीय संचारगृह र पत्रकारिता क्षेत्र सवलीकरण कार्यमा सहयोग पुऱ्याइनेछ ।

१२९. नेपाल पत्रकार महासँघ पाल्पा शाखाको संस्थागत विकासमा गरिएको सहयोगलाई निरन्तरता दिइएकोछ ।

१३०. तानसेन नगरका गतिविधि, इतिहास, कला, संस्कृति, पर्यटन र विकास अवधारणा लगायतका सामग्री समेटिने हाम्रो तानसेन त्रैमासिक बुलेटिन प्रकाशनको कार्यलाई निरन्तरता दिइएकोछ ।

१३१. सूचनाको हक प्रवर्द्धन गर्न नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुको लागि सूचनाको हक सम्वन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

१३२. डिजिटल प्रविधिको उपयोग गरी सार्वजनिक सेवामा आम नागरिकको सरल एवम् सहज पहुँच विस्तार गरिनेछ । सूचना प्रविधि पूर्वाधारलाई समय सापेक्ष अद्यावधिक गरिनेछ ।

१३३. वडा कार्यालयहरुलाई प्रविधिमैत्री संस्थागत सहयोगको व्यवस्था मिलाइनेछ ।

१३४. नेपाल सरकारले कार्यान्वयनमा ल्याएको नागरिक एप्समा नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा आवद्ध गरिनेछ ।

१३५. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनका आधारमा कर्मचारीहरुको बृत्ती विकास गरी नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ । परिणाममुखी नतिजा हासिल गर्न कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिइएकोछ ।

१३६. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरिनेछ । क्षमता विकास योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३७. कार्यसम्पादनको आधारमा वडाहरुलाई प्रोत्साहन स्वरुप थप अनुदान प्रदान गरिनेछ । उपभोक्ता समितिहरुलाई सोही आधारमा पुरस्कृत गरिनेछ । टोल विकास संस्थाको संस्थागत विकासको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१३८. दी एसिया फाउण्डेशनको सहयोगमा स्थानीय शासन सवलीकरण कार्यक्रम मार्फत् विकास व्यवस्थापन र संस्थागत विकासका कार्यक्रमहरु सञ्चालन भएकोमा त्यसलाई प्रभावकारी बनाउदै स्वास्थ्य सुधार र आर्थिक पुनरोत्थान प्रक्रियामा केन्द्रित गरिएकोछ । नगरपालिकालाई हस्तान्तरण गरिएको डिजिटलाइज प्रोफाइललाई व्यवस्थित र अद्यावधिक गरिनेछ ।

१३९. इपीआई नेपाल लगायत विकास साझेदारहरुसँगको सहकार्यलाई विस्तार गरिनेछ ।

१४०. नगरपालिकाले अन्तर्राष्ट्रियरुपमा स्तरमा सम्बन्ध विस्तार गर्ने क्रममा चीनको सिचुवान प्रान्त स्थित लसान नगरसँग मैत्री सम्बन्ध स्थापना भई हालको महामारीमा सहयोग प्राप्त भैरहेको, सीटी नेट (CITINET), एसिया प्यासिफिक, अन्तर्राष्ट्रिय पर्यटन संगठन (TPO) को सदस्यता प्राप्त गरिसकेकोमा विभिन्न मुलुकका नगरपालिकासँग थप सम्वन्ध स्थापनाको प्रक्रिया अगाडि बढाइनेछ ।

**नगरसभाका सदस्य ज्यूहरु,**

१४१. माथि उल्लिखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी नगरपालिकालाई प्राप्त समानीकरण अनुदान, राजश्व बाँडफाँडको रकम, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक श्रोतको रकमबाट नगरपालिकाको दिगो र सन्तुलित विकास हुनेगरी बजेट, योजना र कार्यक्रम सहितको आय-व्ययको अनुमान नगरसभा समक्ष पेश गर्ने अनुमति चाहन्छु । आर्थिक विधेयक र विनियोजन विधेयक समेत यस गरिमामय नगरसभामा पेश गरिनेछ ।

**आगामी आ.व.२०७८/०७९को वार्षिक बजेट तथा कार्यक्रमको सारांश :**

१४२. यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि अनुमानित कुल बजेट रकम रु. १ अरब २८ करोड ७० लाख २३ हजार ९७४ रहेको छ। यसमा चालु तर्फ रु.७४ करोड ६४ लाख ७३ हजार ९०५ (५८ प्रतिशत) र पुँजीगत तर्फ रु. ५४ करोड ५ लाख ५० हजार ६९ (४२ प्रतिशत) रहेको छ।

आय तर्फ नगरपालिकाको आन्तरिक राजश्व रु. ६ करोड, संघ र प्रदेशबाट प्राप्त हुने राजश्व रु. ३२ करोड ११ लाख ५१ हजार ७७०, अन्तर वित्तीय हस्तान्तरण तर्फ संघ र प्रदेश सरकारबाट सशर्त र निशर्त गरी रु. ८६ करोड ६३ लाख ८६ हजार ९७४, जनसहभागिता रु. १ करोड, ६७ लाख रहेकोछ। व्यय भार मिलानको लागि रकम रु. ८ करोड २७ लाख ८५ हजार २३० प्रस्ताव गरिएकोछ।

व्यय तर्फ कार्यालय सञ्चालन तथा प्रशासनीक खर्च रु. १२ करोड ५० लाख, वित्तीय व्यवस्थाको लागि रु. ५५ लाख, नगर गौरबको योजनाको लागि ४ करोड, समपुरक कोष मार्फत कार्यक्रम सञ्चालनको लागि रु.२० करोड १५ लाख ७९ हजार ९७४, नगरस्तरीय कार्यक्रम (प्रवर्द्धनात्मक र पुँजीगत) तर्फ १९ करोड, विशेष कोष मार्फत हुने कार्यक्रमहरु रु.३ करोड १५ लाख, वडा स्तरीय कार्यक्रम रु.६ करोड, सशर्त कार्यक्रम रु.५९ करोड ३४ लाख ४४ हजार र अन्य कार्यक्रमगत खर्च रु.४ करोड रहेकोछ।

१४३. अन्त्यमा, स्वास्थ्य सावधानी अपनाई कोभिड-१९ महामारीको जोखिमबाट सुरक्षित रहँदै नगरको विकास अभियानमा सहभागी हुन जनप्रतिनिधि, उद्यमी-व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण नगरबासीहरुलाई हार्दिक आह्वान गर्दछु।

नीति, बजेट तथा कार्यक्रम निर्माणमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधिहरु, सरकारी निकाय, सहकारी क्षेत्र, सामाजिक संघ संस्था, विकास साझेदार, निजी क्षेत्र, समस्त सञ्चार जगत तथा नागरिक समाज, राष्ट्रसेवक र आम नगरवासीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । नीति, बजेट तथा कार्यक्रम कार्यान्वयनमा सबैको साथ र सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद !

**अशोक कुमार शाही**
**नगर प्रमुख**
**(नवौं नगरसभा अध्यक्ष)**
**तानसेन नगरपालिका, पाल्पा**